# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४५ | काठमाडौं | शनिबार, २४ जेठ २०८२ | Prabhab National Daily | Saturday, June 07 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# प्रतिनिधि सभा अवरोधको रस्साकस्सी, 'सेफल्यान्डिङ'को खोजीमा प्रतिपक्षी



■ प्रभाव संवाददाता

**काठमाडौं–** जेठ १३ यता बजेट भाषणबाहेक हरेक दिनजसो सदन अवरुद्ध छ । भिजिट भिसा प्रकरणमा सहसचिव तिर्थराज भट्टराईमाथि अख्तियारले अनुसन्धान अघि बढाएसँगै प्रतिपक्षी दलले सदन अवरोध जारी राखेको हो ।

विपक्षी दलको मुख्य माग हो - गृहमन्त्रीबाट रमेश लेखकको राजीनामा ।

यही माग अहिले विपक्षी दलको लागि काउसो बनेको छ । अध्यागमन विभागका तत्कालिन प्रमुख भट्टराईलाई शुरुमा पक्राउ गरेको भनिए पनि नियन्त्रणमा मात्र लिएको बताइयो । भिजिट भिसा प्रकरणमा एक व्यक्तिबाट २० देखि ४० हजार रूपैयाँसम्म असुली गर्ने आरोप उनीमाथि छ । अख्तियारसँग बयानका क्रममा उनले भिजिट भिसामा जानेहरूबाट असुली गरी दैनिक ५० लाख रूपैयाँ गृहमन्त्री लेखकलाई दिनुपर्ने बताएको कुरा बाहिरियो ।

त्यसपछि प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले गृहमन्त्रीका राजीनामा माग्दै जेठ १३ गतेबाट प्रतिनिधि सभाको बैठक अवरोध जारी राख्यो । यो बीचमा जेठ १५ गते बजेट भाषणका लागि प्रतिपक्षले सदन खुलायो । त्यसयता प्रतिनिधि सभाको बैठक बस्न सकेको छैन । यो बीचमा बिहीबार केहीबेर सदन खुले पनि विपक्षको विरोधका कारण सभामुख देवराज घिमिरेले आइतबारसम्मका लागि स्थगित गरेका छन् ।

## रास्वपा बदला लिने दाउमा

रास्वपाका सभापति रवि लामिछाने सहकारीको रकम अपचलनको अभियोगमा अहिले कैदमा छन् । नेपाली कांग्रेसको जोडबलका कारण लामिछाने गृहमन्त्री भएकै बेला अनुसन्धानमा तानिएका थिए । अहिलेका गृहमन्त्री रमेश लेखक नेपाली कांग्रेसकै नेता हुन् । जसकारण रास्वपा जसरी पनि लेखकलाई राजीनामा गराउने दाउमा देखिन्छ । लेखकको राजीनामाको मुख्य एजेन्डा रास्वपाले बनाउँदा राप्रपा, माओवादीलगायत दल भने यसको जोडबलमा लागेको देखिन्न ।

क्रमशः पृष्ठ २ मा

## माओवादी किन हट्दैछ पछाडि ?

माओवादी गृहमन्त्रीको राजीनामाको बटमलाइनबाट पछि हट्ने निश्चित भइसकेको छ । यसबारे माओवादीले पटकपटक जनाउ दिइसकेको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठक पनि चल्न नसकेपछि संसद् भवनस्थित आफ्नै कार्यकक्षमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै दाहालले छानबिन भरपर्दो भए राजीनामा प्रकरणबाट पछि हट्ने बताए । 'आज पहिला हामी प्रतिपक्षहरू बस्यौं । छानबिन मुख्य कुरा हो, भरपर्दो छानबिनको कुरामा सरकारको प्रतिबद्धता आयो भने यो विषयलाई सकारात्मक ढंगले टुंग्याउन सकिन्छ भन्ने कुरा प्रतिपक्षको भयो,' दाहालले भने ।


यस विषयमा सत्तापक्ष सकारात्मक हो वा होइन भनी बुझ्न नेपाली कांग्रेसका सभापति देउवालाई भेट गर्ने निर्णय पनि प्रतिपक्षी दलको बैठकले गरेको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

# जगदुल्ला हाइड्रोको ठेक्का तत्कालका लागि रोक्न निर्देशन

- संसद्को सार्वजनिक लेखा समितिद्धारा जगदुल्लाको ठेक्का प्रक्रिया तत्काल रोक्न निर्देशन
- ऊर्जामन्त्री दीपक खड्का जोडिएको कम्पनीको आयोजनामा कांग्रेसकै सांसदको विरोध
- अब अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन नसकी ठेक्का प्रक्रिया अघि नबढ्ने

■ जेबी योञ्जन



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का मुछिएको डोल्पाको जगदुल्ला हाइड्रोपावरको विवादित ठेक्का रोकिने भएको छ । यसका लागि संसद्को सार्वजनिक लेखा समितिले शुक्रबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र जगदुल्ला हाइड्रोपावर कम्पनीलाई जगदुल्लाको ठेक्का प्रक्रिया तत्काल रोक्न निर्देशन दिइसकेको छ । समितिको निर्देशनसँगै लामो समयदेखि विवादित जलविद्युत् परियोजनाको ठेक्का प्रक्रिया रोकिने भएको हो ।

समितिले परियोजना निर्माणका लागि जगदुल्ला हाइड्रोपावर निर्माणका लागि आशयपत्र प्रस्तुत गर्ने र प्रस्ताव गर्ने निर्माण कम्पनीले नक्कली वा धोकाधढीयुक्त कागजात र प्रमाण पेस गरेको भन्ने विषय सार्वजनिक कानूनको परिपालना तथा पूर्वाधार निर्माणका दृष्टिले गम्भीर भएको ठहर गरेको छ । नक्कली कागजातको यकिन परीक्षण गरी छानबिन निष्कर्षमा पुग्न पनि ऊर्जा मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र जगदुल्ला हाइड्रोपावर कम्पनीसमेतलाई समितिको निर्देशन छ ।

निर्देशनमा भनिएको छ, 'समितिमा प्राप्त भएको जगदुल्ला हाइड्रोपावर निर्माणका लागि आशयपत्र माग तथा छनौटमा भएको अनियमितता सम्बन्धमा आशयपत्र प्रस्तुत गर्ने र प्रस्ताव गर्ने निर्माण कम्पनीले नक्कली वा धोकाधढीयुक्त कागजात र प्रमाण पेस गरेको भन्ने विषय सार्वजनिक कानुनको परिपालना तथा पुर्वाधार निर्माणका दृष्टिले गम्भीर देखिएकोले यस प्रकृयालाई अविलम्ब तत्काल रोक्न तथा उक्त कागजातहरूको विषयमा शीघ्र यकीन परीक्षण तथा छानबिन गरी निष्कर्षमा पुग्न ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र जगदुल्ला हाइड्रोपावर कम्पनी समेतलाई निर्देश गर्दछ ।'

समितिको यो निर्देशनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन नसकी ठेक्का प्रक्रिया अघि नबढ्ने भएको छ । हाल जगदुल्ला प्रकरणबारे अख्तियारले छानबिन गरिरहेको छ । छानबिनमा जेसिई-एएनके जेभी तानिएका छन् । १०६ मेगावाट क्षमताको जगदुल्ला हाइड्रोपावरको ठेक्कामा झुटो कागजात बनाएको भन्दै यसअघि अख्तियारमा दुईवटा उजुरी परेको थियो । उजुरी दिनेमध्येका एक जना डोल्पाका लाक्पा शेर्पा हुन् । उनले राष्ट्रिय महत्वको आयोजनामा अनियमितता भएको भनी समितिमा उजुरी दिएका छन् ।

उजुरी परेपछि छानबिनमा अख्तियार छँदा यता लेखा समितिले ठेक्का प्रक्रिया नै रोक्न निर्देशन दिएको हो । समिति सदस्य रहेका माओवादी सांसद अमनलाल मोदीले कुनै पनि आयोजना ठेक्का प्रक्रियामा जाँदा मापदण्डमा रहेर गर्नुपर्नेमा सुरुबाटै अनियमितता भएको र त्यसबारे छानबिनका लागि पनि परियोजनाको ठेक्का प्रक्रिया अघि नबढाउनु भन्दै समितिले निर्देशन दिएको बताए ।

'जगदुल्लाहमा माननीय ऊर्जामन्त्रीको नाम जोडेर आयो । त्यहाँ ठूलो बदमासी भएको भन्ने छ,' उनले प्रभावसँग भने, 'त्यसबारे छानबिन भइरहेको छ । त्यसो हुनाले ठेक्का रोक्नु भनेर हाम्रो समितिले निर्देशन दिएको हो ।'

मोदीले खरिद नियमावलीअनुसार जोडिएका विषयहरूमाथि खेलबाड गरिनुले गम्भीर प्रश्न उठेको बताए । त्यसो हुनाले सार्वजनिक लेखा समितिले पनि छानबिन गर्नुपर्ने तर्क गरे ।

समिति बैठकमा भने कांग्रेस सांसद राजन केसीले जालसाजी गरेर ठेक्का हत्याउन खोजेको बताए । त्यसको गहिरो अनुसन्धान हुनुपर्ने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

आप्रवासी कामदारमाथि शोषण

# साउदी अरबविरूद्ध आइएलओमा ३६ मुलुकका ट्रेड युनियनको उजुरी

- श्रमिकलाई २० घण्टासम्म काम लगाउने, ज्याला नदिने, यातना दिने, जबरजस्ती भर्ना शुल्क लिने, फर्जी सम्झौता गर्ने, पासपोर्ट जफत गर्ने जस्ता घटना बढ्दो
- सोमालीयाको ट्रेड युनियन महासंघका महासचिव ओमार ओस्मनले जीवन खोज्दै साउदी अरब पुग्ने आफ्रिकीहरु बाकसमा फर्किरहेको बताएका छन्
- २०३४को फिफा विश्वकपका लागि विकास निर्माणले गति लिँदा विभिन्न परियोजनामा साउदीमा आप्रवासी श्रमिकको संख्या एक करोड तीस लाख पुगेको छ

■ प्रभाव संवाददाता



**काठमाडौं–** साउदी अरबमा आप्रवासी श्रमिकमाथि शोषण र यातना बढेको भन्दै विभिन्न मुलुकका ट्रेड युनियनले एकैसाथ उजुरी दिएका छन् । यस्ता व्यवहारकाविरुद्ध विभिन्न ३६ वटा मुलुकका ट्रेड युनियनले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)मा उजुरी दिएका हुन् ।

उजुरीमार्फत संयुक्त राष्ट्रसंघीय एजेन्सी आइएलओको 'जाँच आयोग'लाई श्रम अधिकारको विषयमा अध्ययन गर्न आह्वान गरेको छ । सन् २०३४को फिफा विश्वकपका लागि विकास निर्माणले गति लिँदा श्रमिकको अवस्था सुधार्न भने पर्याप्त काम नभएको उजुरीमा उल्लेख गरिएको छ । उजुरीमा श्रमिकलाई २० घण्टासम्म काम लगाइएको, ज्याला नदिएको र यातना दिने गरेको उल्लेख गरिएको छ ।

युके, क्यानडा, जापान, अस्ट्रेलिया र १३ वटा अफ्रिकी मुलुकका ट्रेड युनियनले श्रमिकका गुनासोलाई समेटेर उजुरी दिइएको हो । गार्जियनका अनुसार पछिल्ला दिनमा साउदीमा मानव बेचविखन, जबरजस्ती श्रममा लगाएको, पारिश्रमिक चोरी, शारीरिक तथा यौनजन्य दुर्व्यवहारका दर्जनौं घटना बढेको छ ।

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघका महासचिव लुक ट्र्याङ्गलले श्रमिकका अधिकार प्राप्तिका लागि तत्काल कदम चाल्न यो आह्वान गरिएको बताएका छन् । आफूहरू अब अरु श्रमिकको मृत्यु हेर्न नसक्ने उनले बताएका छन् । 'विशेषगरी निर्माण क्षेत्र र घरेलु श्रमिकका आधारभूत अधिकार हनन भइरहेको अवस्थामा हामीहरू चुप लागेर बस्दैनौं । यो तत्कालै रोकिनुपर्छ,' ट्र्याङ्गलले भनेका छन् ।

सोमालीयाको ट्रेड युनियन महासंघका महासचिव ओमार ओस्मनले जीवन खोज्दै अरब पुग्ने आफ्रिकीहरू बाकसमा फर्किरहेको बताएका छन् । त्यसैगरी, अफ्रिकी ट्रेड युनियनले साउदीमा श्रमिकहरूलाई फचाँकिएको वस्तुसरह व्यवहार गरिएको बताएको छ ।

मानवअधिकारवादी संस्था र ट्रेड युनियनहरूले आप्रवासी श्रमिकले भोग्दै आएको मानव अधिकार उल्लंघनका घटनाले विश्वकप फुटबल र साउदीका अन्य परियोजनालाई धमिलो बनाउने भन्दै सजग रहन पटकपटक चेतावनी दिँदै आएका छन् ।

क्रमशः पृष्ठ २ मा



## पृष्ठ १ बाट क्रमश:

### जगदुल्ला हाइड्रोको...

त्यसबारे समितिले विस्तृतमा छलफल चलाउनुपर्नेमा उनको जोड छ। बैठकमा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले ठेक्कामा प्रयोग गरिएका कागजातहरूबारे प्राविधिकहरूलाई राखेर छानबिन गरिनुपर्ने बताएका छन्। उनले दुवैतिर ख्याल गरेर छानबिन हुनुपर्ने बताए।

लेखा समितिले पाएको उजुरीमा जगदुल्लाको १०६ मेगावाटको आयोजनामा चिनियाँ कम्पनी जियाङ्सी कन्स्ट्रक्सन र इन्जिनियरिङ कर्पोरेसन लिमिटेड (जेसीई) र नेपाली कम्पनी एएनकेले फर्जी अनुभवको कागजात देखाई ठेक्का प्रक्रियामा सहभागी भएको आरोप लगाएका छन्।

आरोपमा जेसीई-एएनके जेभीले ऊर्जामन्त्री दीपक खड्का र जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटालाई ठूलो कमिसन रकम अफर गरी मिलेमतोमा नक्कली कागजात पेश गरेको उल्लेख छ। त्यसरी ठेक्का हात पार्न खोजेको आरोप छ। अर्को चिनियाँ कम्पनी सिनो हाइड्रोले यस विषयमा अख्तियार दुरूपायेग अनुसन्धान आयोग र सार्वजनिक खरिद अनुगमन कार्यालयमा उजुरी दिएपछि छानविन भइरहेको छ। छानबिनको क्रममा जेसीईले अनुभवको नक्कली कागजात बनाएको पुष्टि भइसकेको छ।

■■■

### प्रतिनिधि सभा...

हिजोआज राप्रपा राजसंस्थाको माग गर्दै आन्दोलनमा छन्। त्यसैले पनि राप्रपाले गृहमन्त्रीका राजीनामालाई वास्ता गरेको छैन। यता माओवादी भने आफैले उचालेको मुद्दालाई कसरी सेफल्यान्डिङ गर्ने भन्नेतिर लागेको देखिन्छ।

■■■

### माओवादी किन...

'छानबिन प्रक्रिया अघि बढाउनेमा सत्तापक्ष सहमत नै देखिएको छ,' उनले भने, 'मलाई लाग्छ एक-दुई दिनभित्र यो विषयको सकारात्मक ल्यान्डिङ हुन्छ।'

पछिल्लोपटक माओवादी अध्यक्ष दाहालले नेपाली कांग्रेससँग निकटता बढाइरहेका छन्। नेपाली कांग्रेस एमालेसँगको सत्तासमीकरणमा सन्तुष्ट नभएको मौका पारी दाहालले देउवासँग हिमचिम बढाएका हुन्। शुक्रबार विराटनगर पुगेका कांग्रेस महामन्त्री गगन थापाले देउवा अहिलेको सरकारको काम गराइसँग सन्तुष्ट नरहेको बताएका छन्। 'सभापति स्वयंले सरकारको काम गराइ ठिक भएन। समीक्षा गर्नुपर्ने देखियो भन्नुभएको छ,' थापाले भने। यसबारे शीर्ष तहमा छलफल जारी रहेको र कांग्रेसले केही दिनमा केन्द्रीय समिति बैठक डाक्नेसमेत थापाले बताए।

कांग्रेससँग नयाँ सत्तासमीकरणको लागि प्रयासरत रहेको माओवादी अध्यक्ष दाहाल र कांग्रेस उपसभापति पूर्णबहादुर खड्काबीच शुक्रबार साँझ भेटवार्तासमेत भएको थियो।

नेकपा एमालेसँग सत्तासहकार्यको वर्ष दिन नपुग्दै नेपाली कांग्रेसले आफ्नो सहयात्रीलाई छाड्ने मुडमा देखिएको माओवादी नेताहरू बताउँछन्। गभर्नर नियुक्ती प्रकरणदेखि भिजिट भिसा प्रकरणमा मुछिएको घटनासम्म आइपुग्दा कांग्रेसले माओवादीसँग निकट सम्बन्ध बढाइसकेको देखिन्छ।

मंगलबारमात्र नेपाली कांग्रेसका महामन्त्री थापाले अहिले सरकारको नेतृत्व नै फेर्नुपर्ने बताएका थिए। अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीकै कारण गणतन्त्रप्रति वितृष्ण बढेको ठोकुवा गर्दै बाँके पुगेका थापाले भनेका थिए, 'गाडीको चालक ठिक ढंगले चलाउन सकिरहेको छैन भने चालक बदल्दिनुपर्छ। चालक नयाँ खोज्नु पर्छ। त्यसले गाडीलाई राम्रो गतिमा अघि लगेर जान्छ।'

सरकार सञ्चालनका लागि उच्चस्तरीय राजनीतिक समितिमा समेत रहेका थापाले गभर्नर नियुक्तिअघि पनि यसरी नै सरकारको विरोध गरेका थिए। कांग्रेसले अहिले सडकबाट प्रधानमन्त्री केपी शर्मा ओलीलाई 'इरिटेड' पार्ने खालका गतिविधि अगाडि बढाइरहेका छन्।

संविधान संशोधनको मुख्य एजेन्डा बनेको सरकारले केही काम गर्न नसकेको यथार्थ हो। संस्थापनइतरका नेता डा शेखर कोइरालाले अहिलेको सरकारको निरन्तर आलोचन गरिरहेका छन्। सडकमा कांग्रेसल विभिन्न आन्दोलन अगाडि बढाइरहेका छन्। शिक्षा एन माग्दै सरकारविरुद्ध शिक्षकहरू आन्दोलनमा छन्।

शिक्षा ऐनका जारी गर्न नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी मंगलबार कांग्रेस सभापति देउवालाई भेट्न पुगेका थिए। सरकारको शक्तिशाली मन्त्री डा आरजु राणा देउवाले माओवादी निकटको सहयोगमा गैरआवासीय नेपाली एनआरएनए फुटाएकी छिन्। गत वैशाख २१ गते परराष्ट्र मन्त्रालयको नेतृत्वमा भएको एनआरएनको एकता सम्मेलनबाट कांग्रेसनिकट जापानका व्यवसायी महेश श्रेष्ठ अध्यक्षमा निर्वाचित भए। माओवादीको साथ पाएर भएको सम्मेलनबाट अधिकांश पदाधिकारी कांग्रेस निकट निर्वाचित भए। त्यसको केहीदिन पछि प्रधानमन्त्री केपी शर्मा ओली प्रमुख अतिथिको रूपमा पुगेर बद्री केसीको नेतृत्वमा रहेको एनआरएन नै आधिकारिक भएको घोषणा गरे।

यसैगरी कांग्रेसकै नेताको नेतृत्वमा रहेको नेपाल यातायात व्यवसायी संघले काठमाडौंमा दुइ दिन सार्वजनिक यातायात ग्यारेजमा थन्काए। नेपाली कांग्रेसका नेता विजय स्वाँरको नेतृत्वमा रहेको यातायात व्यवसायीले गरे राइड सेयरिङ एपको विरोध गर्दै आन्दोलन गरेका थिए। जसकारण ओली नेतृत्वको सरकारले संघीयताको अधिकारमाथि धावा बोले। यी परिघटनाका कारण माओवादी कांग्रेससँग लचक बन्दै गएको बताइन्छ।

■■■

### साउदी अरबविरुद्ध...

श्रमिकमाथि भएका समस्यामा जबरजस्ती भर्ना शुल्क लिने, ज्याला नदिने, फर्जी सम्झौता, पासपोर्ट जफत गर्ने र अत्याधिक गर्मीको जोखिम रहेको छ।

निर्माण कार्य तीब्र हुँदै जाँदा हजारौं श्रमिकको ज्यान जानसक्ने 'फेयरस्क्वायर'को प्रतिवेदनले समेत देखाएको थियो।

विश्वकप र ठूला परियोजनाका कारण पछिल्लो समय साउदीमा आप्रवासी श्रमिकको संख्या एक करोड तीस लाख पुगेको छ। यसै हप्ता जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा आइएलओ र साउदी सरकारबिच नयाँ सहयोग सम्झौता भएको थियो। उक्त सम्झौताले श्रमिकको स्वच्छ भर्ती प्रक्रिया, रोजगारदाता परिवर्तन गर्ने अधिकार, न्यूनतम ज्याला र श्रमिकलाई संघसंघठनमा आवद्ध हुने प्रस्तावहरू समावेश गरिएको बुझिएको छ। साउदीमा ट्रेड युनियन निषेध गरिएको छ। सम्झौताले घाइते भएका या मृत्यु भएका श्रमिकले पाउने क्षतिपूर्तिमा सुधार गर्ने र श्रम कानूनबाट वञ्चित भएका घरेलु कामदारको संरक्षण गर्ने विश्वास गरिएको छ।

आप्रवासी कामदारहरूका लागि न्यूनतम पारिश्रमिक समेत नदिइएकाले मानव अधिकारवादी समूहहरूले साउदी अरेबियालाई २०३४ को विश्वकप प्रदान गर्ने फिफाको निर्णयको कडा आलोचना गर्दै आएका छन्। साउदी अरेबियाले भने आफूमाथि लागेका मानवअधिकार उल्लङ्घनको आरोप अस्वीकार गर्दै आएको छ। ट्रेड युनियनले यसअघि साउदी सरकारसँग गरेको समन्वयको प्रयास उपलब्धिपूर्ण नभएको भन्दै यस विषयमा अनुसन्धान गर्न आइएलओको ध्यानाकर्षण गराएको छ।

साउदी, नेपाली श्रमिकको समेत प्रमुख रोजगार गन्तव्य हो। गत आर्थिक वर्षमा एक लाख ४१ हजार ५०२ जना युवाहरू संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृति लिएर साउदी गएका थिए। गत महिनामात्र वैदेशिक रोजगार व्यवसायीसंगको भेटमा नेपालका लागि साउदीका राजदूत साद नासेर अबुहमीदले ठूला अझै १० वर्ष साउदीले ठूलो परिमाणमा नेपाली श्रमिक लैजाने बताएका थिए। ठूलो परिमाणमा श्रमिक लगेपनि श्रम अधिकारका सवालमा भने साउदी कमजोर रहेको पछिल्लो समय सार्वजनिक विभिन्न अध्ययनले पुष्टि गरेको छ।


**युएइमा रोजगार** कम्पनी : YSR CARPENTRY AND FLOORING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 325294 चलानी नं. ६०२३९२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 20 | 0 | 1000 | ३७,३५० | | | | | | | |
| 3 | Stee Fixer | 20 | 0 | 1200 | ४४,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ASIA LINK श्रम इजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**साउदीमा रोजगार** कम्पनी : Dar Al-Naheet Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 325264 चलानी नं.६०२३९२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 22 | 0 | 1000 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**कुवेतमा रोजगार** कम्पनी : Al-Essa and Haddad Company for Trade & Decoration Works / Jamal Kamel Daoud Noman & his Partner

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 325281 चलानी नं. ६०२३९२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 10 | 0 | 125 | ५५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 85 | ३८,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ERN EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कतारमा रोजगार** कम्पनी : AL ZAYED LLMQAWLAT WLL

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 325306 चलानी नं. ६०२३९२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1100 | ४१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician Gen. | 3 | 0 | 1100 | ४१,४४५ | | | | | | | |
| 3 | Electrician. | 3 | 0 | 1100 | ४१,४४५ | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 2500 | ९४,१९० | | | | | | | |
| 5 | Labourer | 3 | 0 | 1000 | ३७,६७५ | | | | | | | |
| 6 | Mason. | 9 | 0 | 1100 | ४१,४४५ | | | | | | | |
| 7 | Plaster Worker | 3 | 0 | 1100 | ४१,४४५ | | | | | | | |
| 8 | Supervisor | 1 | 0 | 2500 | ९४,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"

Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ११४ को १२३१.१४ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ७४ को ६७१.८१ घनफिट काठ र साल जातको दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भएको, जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको र आन्तरिक खपतको लागि छुट्याएकोमा खपत नभई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १७० को १७७१.४६ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-५, मकवानपुर**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, २४ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ। |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ। |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ। |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ। |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ। |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। |
| **मकर** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला। |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ जेठ, २०८२ (०७ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.१५ | १३७.७५ |
| युरो | १ को | १५६.१२ | १५६.८१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.४१ | १८६.२२ |
| स्विस फ्रैन्क | १ को | १६६.५४ | १६७.२६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८३ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | १००.०३ | १००.४६ |
| सिङ्गापुर डलर | १ को | १०६.३५ | १०६.८२ |
| जापानी येन | १० को | ९.५१ | ९.५५ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१६ |
| साउदी अरब रियाल | १ को | ३६.५७ | ३६.७३ |
| कतारी रियाल | १ को | ३७.६२ | ३७.७९ |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३४ | ३७.५० |
| मलेसियन रिङ्गेट | १ को | ३२.२९ | ३२.४३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १४.२७ | १४.३३ |
| डेनिस क्रोनर | १ को | २०.९३ | २१.०३ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५५ |
| कुवेती दिनार | १ को | ४४७.४८ | ४४९.४४ |
| बहराइन दिनार | १ को | ३६३.७९ | ३६५.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# एन्टिबायोटिकको प्रयोग बढ्दै



**भेरीगंगा (सुर्खेत)–** एन्टिबायोटिकको प्रयोग बढ्दै गएको भन्दै यसले स्वास्थ्यमा गम्भीर असर निम्त्याउनसक्ने चिन्ता व्यक्त गरिएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले शुक्रबार सुर्खेतको वीरेन्द्रनगरमा गरेको अन्तरक्रिया कार्यक्रमका सहभागी सरोकारवालाहरूले एन्टिबायोटिक औषधीको प्रयोग बढ्दै जाँदा भविश्यमा यसको गम्भीर असर पर्ने चिन्ता व्यक्त गरिएको हो ।

एन्टिबायोटिकको अत्यधिक प्रयोगले प्रतिरोध क्षमतामा गिरावट आउने र त्यसले गर्दा औषधीले काम नगर्ने अवस्था सिर्जना हुनसक्ने उनीहरूको भनाइ छ । चिकित्सकहरूका अनुसार अहिले कर्णालीमा एन्टिबायोटिक लिने बढ्दै गएका छन् । यसले स्वास्थ्यमा नकारात्मक असर पार्नसक्ने तथ्यले देखाएको छ । विश्वस्वास्थ्य संगठनका कर्णाली प्रतिनिधि प्रदीप अधिकारीले आफ्नो प्रस्तुति राख्दै नेपाल एन्टिमाइक्रोबियल प्रतिरोधको उच्च रूपले प्रभावित रहेको बताए ।

उनले सन् २०१९ मा गरिएको अध्ययन प्रस्तुत गर्दै एन्टिमाइक्रोबियल औषधीको प्रयोगका कारण प्रत्यक्ष रूपमा छ हजार ४०० र अप्रत्यक्ष रूपमा २३ हजार २०० मृत्यु भएको बताए । मानिस, जनावर र बोटबिरुवामा एन्टिबायोटिक्सको अत्यधिक प्रयोगप्रति जैविक प्रतिरोधी रोगको वृद्धि हुनुका मुख्य कारण रहेको उनको भनाइ छ । उनले भने, 'बहुऔषधी प्रतिरोध भएका विश्वका ३० मुलुकमध्ये नेपाल पनि एक हो, राष्ट्रिय रोगभार प्रतिवेदन २०१९ अनुसार सबैभन्दा बढी मृत्यु गराउने सङ्क्रामक रोगमा श्वासप्रश्वास क्षयरोग, टाइफाइडजन्य संक्रमण रहेका छन् ।'

नेपालको कूल गार्हस्थ उत्पादनमा पशुपक्षीपालन क्षेत्रको करिब १३ प्रतिशत र समग्र कृषि क्षेत्रको करिब २७ प्रतिशत योगदान छ । कृषि तथा पशुपक्षीका क्षेत्रमा प्रतिजैविक प्रतिरोधको व्यापकता बढिरहेको छ । अधिकारीले गरिबी र असमानताले गर्दा कम र मध्यम आय भएका देश सबैभन्दा बढी प्रभावित हुन थालेको बताए ।

कर्णाली प्रदेश अस्पतालमा कार्यरत फिजिसिएन डा केएन पौडेलले अहिले एन्टिबायोटिक रेसिस्टेन्स लिनेहरू बढ्दै गएका छन् । सामान्य रोगका लागि एन्टिबायोटिक औषधीको प्रयोग हुने गरेको अधिकारीको भनाइ छ । 'बिहानदेखि बेलुकीसम्म एन्टिबायोटिक्सको प्रयोग बढ्दो छ', अधिकारीले भने, 'यो विषय अब स्वास्थ्य क्षेत्रको मात्रै रहेन, यो व्यापक छलफल र बहसको विषय बन्नुपर्छ भन्ने मलाई लाग्छ, हामीमात्रै होइन, सबै नागरिक सचेत हुन जरुरी छ ।'

औषधी पसलमा डाक्टरको सिफारिसबिना रोगको पहिचान नै नगरी एन्टिबायोटिक बेच्ने र प्रयोग गर्ने गरिएको उहाँको भनाइ छ । रोगको पहिचानबिना त्यस्ता औषधी प्रयोग गर्न नहुने उनको सुझाव छ । चिकित्सकले भनेर नहुने भन्दै यो स्वास्थ्यसँग जोडिएको गम्भीर विषय भएकाले सबैको सरोकार हुनुपर्ने सुझाव उनको छ ।

कर्णाली प्रदेश अस्पतालमै कार्यरत डा सुजन सापकोटाले पनि एन्टिबायोटिक जथाभावी प्रयोग गर्नुहुन्न भने पनि यसको प्रयोग बढ्दो भएको भन्दै नियमन आवश्यक रहेको औंल्याएँ ।

## गाउँगाउँसम्म सचेतना कार्यक्रम सञ्चालन गर्न सुझाव

यसैबीच सरोकारवालाले गाउँगाउँसम्म एन्टिबायोटिक औषधीको प्रयोगले पुर्‍याउने हानिका विषयमा गाउँगाउँसम्म सचेतना फैलाउनुपर्नेमा जोड दिएका छन् । उनीहरूले एन्टिबायोटिकको प्रयोग जथाभावी गर्दा भविश्यमा निम्तिने स्वास्थ्य समस्याका बारेमा आमनागरिकलाई जानकारी दिन आवश्यक रहेको औंल्याएका हुन् ।

खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय सुर्खेतका प्रमुख भेषबहादुर थापाले खाद्य वस्तुमा एन्टिबायोटिकको प्रयोग भएकाले त्यसको असर मानव स्वास्थ्यमा परिरहेको भन्दै यससम्बन्धी जनचेतना आमनागरिकमा दिनुपर्ने सुझाव दिए । 'कुखुराको मासुमा अत्यधिकमात्रामा एन्टिबायोटिक्स हुने गरेको छ', थापाले भने, 'दुग्धजन्य पदार्थमा पनि अब अछुतो रहेन, त्यसैले हामीमात्रै जानकार भएर हुँदै आमनागरिक यस विषयमा जानकारी हुन जरुरी छ ।' कुन खाद्य वस्तुको अवस्था के छ भनेर जाँच गर्ने माइक्रो ल्याब नभएको भन्दै यसका लागि सरकारले विशेष कार्यक्रम बनाउनुपर्ने उनको सुझाव छ ।

वीरेन्द्रनगर नगरपालिकाका पशु शाखा प्रमुख यज्ञ पाण्डेले पनि पशुहरूमा प्रयोग हुने औषधीकै कारण मानिसमा गम्भीर असर परिरहेकोतर्फ सचेत हुनुपर्नेबेला आएको बताए । उनले भने, 'गाइभैंसी बिरामी भएको खण्डमा किसानले छिट्टै निको हुने औषधीको प्रयोग गर्ने भनेपछि हामी एन्टिबायोटिक दिन बाध्य हुन्छौं, त्यसबाट उत्पादित मासु, दूधलगायत वस्तु मानिसले प्रयोग गर्छन्, त्यसबाट स्वास्थ्यमा गम्भीर असर सिर्जना हुँदैछ ।' उनले यससम्बन्धी नियमन गर्ने निकायले अलि कडाइ गर्न सक्नुपर्ने सुझाव दिए ।

नेपाल औषधी व्यवसायी संघ सुर्खेतका महासचिव मंगलप्रसाद शर्माले पनि जथाभावी एन्टिबायोटिकको प्रयोग गर्न नहुने भनेर आमव्यवसायीलाई सचेत गराइएको बताए । केही व्यवसायी र बिरामी आफैं पनि जथाभावी औषधीको प्रयोग गर्ने गरेको उनको भनाइ छ । *रासस*

# आज बकरिद



विराटनगर– इस्लाम धर्मावलम्बीले महान् चाड बकरिद (ईद उल अजहा) शनिबार मनाउने भएका छन् । बकरिद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो । रमजान पर्वको ७०औं दिनमा मनाउने यो पर्वमा आर्थिक रूपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् । यस पर्वमा अल्लाहलाई खुसी पार्न मुसलमानहरूले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिने गर्दछन् ।

धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई मुसलमानले कायम राखेको पाइएको छ ।

निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मन्नत (दुवा) मागेका थिए र भनेका थिए, 'यदि अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु ।' सोही अनुरूप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्नुपर्छभन्दा उनले धेरै जनावर कुर्बानी त गरे तर अल्लाह खुसी भएका थिएनन् ।

अन्तिममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए । यस घडीमा उहाँको परीक्षण सफल साबित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो । कुर्बानीको मासु तीन भागमा लगाइ वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई एक आफ्ना इष्टमित्रलाई र अर्को भाग आफू खानुपर्ने धार्मिक मान्यता छ । इस्लाम धर्मअनुसार प्रत्येक वर्ष अर्बी क्यालेन्डरअनुसार १०/१० दिनपछि सर्दै जान्छ ।

# बोडी टिप्न जाँदा करेन्ट लागेर आठ जना घाइते

**झापा–** कनकाई नगरपालिका-२ मा करेन्ट लाग्दा आठ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । हात्ती छेक्न लगाइएको तारबाट करेन्ट लाग्दा शुक्रबार उनीहरू घाइते भएका हुन् ।

स्थानीय फरकबहादुर बस्नेतको केरसाबारीमा बोडी टिप्न जाँदा उनीहरूलाई करेन्ट लागेको थियो । घाइते हुनेहरूमा कनकाई ४४ वर्षीय तुलाराम कार्की, २२ वर्षीया लक्ष्मी चौहान, ३५ वर्षीय गोपाल बस्नेत, ५८ वर्षीया डम्बरकुमारी बस्नेत, ६४ वर्षीय फरकबहादुर बस्नेत, २६ वर्षीया अनु खड्का, २२ वर्षीया सन्ध्या कार्की र १८ वर्षीय सलिन कार्की रहेका छन् । घाइतेहरूको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । *रासस*

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२४**

**कृति सेवा प्रा. लि.** को मिति २०८२/०१/१७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोरियन पेन्टस् काठमाण्डौं प्रा. लि. (प्रा.लि नं २३७५०२)** कायम गर्ने गरी मिति २०८२/०२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२४**

**ओओम्फ इन्टरनेशनल सर्भिसेज प्रा. लि.** को मिति २०८२/०२/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बेस्ट स्किल एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि नं २६९८४०)** कायम गर्ने गरी मिति २०८२/०२/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०८/२१ मा दर्ता भएको श्री **गृहलक्ष्मी बेभरेज प्रा. लि. (प्रा. लि. नं. १२९२८८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०१/०६ मा दर्ता भएको **प्रा. लि. नं. १६७१९१/०७३/०७४** को **साझा लगानी प्रा. लि.** को मिति २०८२/०१/२५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७,**
**ठेगानाः का.म.न.पा.-३२, काठमाडौं**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/२४ मा दर्ता भएको **प्रा.लि. नं. २८८७२३** को **अलबेलो बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/११ मा दर्ता भएको **प्रा.लि. नं. २५३६३०** को **तिलस्मी वेयर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/२२ मा दर्ता भएको **प्रा.लि. नं. २८८४६८** को **शक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०८ को १६२६.५१ घनफिट काठ र साल जातको दाउरा १.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-६, मकवानपुर**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६९ को २६२५.७० घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**वनकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-४, मकवानपुर**

### सूचना सूचना सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०२/२४**

सूचना तथा प्रसारण विभागमा दर्ता नम्बर ३३६२-२०७८/२०८९ मिति २०७९/०१/२२ मा दर्ता रहेको तीनलाल मिडिया प्रा.ली.द्वारा संचालित www.tinlalkhabar.com नामक अनलाइन पत्रीका बन्द गर्ने उद्देश्य सहित दर्ता खारेज गरिने हुँदा यस कम्पनी र अनलाइन पत्रीकासँग कुनै श्रमजीवी पत्रकार र कर्मचारीको पारिश्रमिक वा आर्थिक दायित्व भएमा मिति २०८२/०३/०८ (१५) दिन भित्र यस कम्पनीको कार्यालयको ठेगान काठमाडौं महानगरपालिका ३२ ,काठमाडौ , संचालकको मोबाइल नम्बर ९८६३८८६३७२ वा email: kadariyauk7@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै तोकिएको समयमा उजुरी प्राप्त नभए प्रक्रिया अगाडि बढाउने व्यहोरा अनुरोध छ ।

### बीमालेख हराएको सूचना

**प्रकाशित मिति : २०८२/०२/२४**

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सबाट जारी भएको निम्न व्यहोराको बीमालेख काठमाडौं धापासीबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम :** कविन्द्र पाल
**बीमालेख नम्बर :** ३०१००००८४७
**फोन नम्बर :** ९८५१३१२८३८

### परिचय पत्र हराएको सूचना

मितिः २०८१/११/१७ मा टोखाबाट ठमेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको नेपाली पर्यटल बोर्डबाट जारी भएको टुरिस्ट गाइड परिचय पत्र र अन्य कागजात समेतको झोला हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना वा पर्यटन बोर्डको नजिकको कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : रुद्र बहादुर सुनुवार**
**परिचय पत्र नं.: ६२८१/०६७**
**ठेगानाः मोलुङ-४, ओखलढुंगा**
**हाल काठमाडौं**
**सम्पर्कः ९८६०८६४४२६**


**युएइमा रोजगार** कम्पनी : Bridgeforce Electromechanical Equipment Installation (Br. Of Starforce Facilities Management Service
शहर : SheikhRashid-BuildingR114SheikhZayedRd-TradeCentre

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | LT. No. 325272 | चलानी नं. ६०२३९२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 2 | 0 | 1000 | ३७,३५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber Assistant | 2 | 0 | 1000 | ३७,३५० | | | | | | | |
कला र वातावरणीय चेतनको संगमका रूपमा प्रस्तुत गरिएको यो प्रदर्शन सगरमाथा नेक्सटले गरेको हो। सर्राफ फाउन्डेसनको सहकार्यमा आयोजना गरिएको प्रदर्शनीको ख्यातिप्राप्त भारतीय कला इतिहासकार डा. अर्शिया लोखान्डवालाले संयोजन गरेकी हुन्। उनले विश्वव्यापी पारिस्थितीको आवश्यकतालाई मध्यनजर गर्दै प्रदर्शनी आयोजना गरिएको जानकारी दिइन्। उनका अनुसार प्रदर्शनीमा प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गरिएको छ।

तीन महिनासम्म चल्ने प्रदर्शनीमा श्रष्टाले विभिन्न माध्यमबाट आफ्नो कला यस प्रदर्शनीमा व्यक्त गर्नेछन्।

प्रदर्शनीमा कलाकार सलिल सुवेदीको टोलीले 'अर्थ इमर्जेन्स' नामक विशेष लाइभ प्रस्तुति दिएका थिए। शरिरमा रातो माटो पोतेर भुमिसँग साक्षात्कार गरिएको प्रदर्शनीले मानव र माटोको सम्बन्धलाई उजागर गर्छ। उनको प्रदर्शनी उत्तर-उपनिवेशवादी चिन्तक गायत्री चक्रवर्ती स्पिवाकको 'प्लानेटरिटी' विचारमा आधारित छ।



विश्व औसतभन्दा झण्डै दोब्बर गतिको तापक्रम वृद्धिको सामना गरिरहेको हिमालय क्षेत्रको यथार्थमाथि केन्द्रित यो प्रदर्शनीले जलवायु परिवर्तन, सांस्कृतिक चेतना, स्वदेशी ज्ञान र वैज्ञानिक दृष्टिकोणलाई समेट्दै समकालीन कलाको माध्यमबाट पृथ्वीप्रतिको सम्बन्ध पुनः परिभाषित गराउने उद्देश्य राखेको छ।

१२ जना अन्तर्राष्ट्रिय तथा नेपाली कलाकारहरूले यस प्रदर्शनीमा आ-आफ्ना विशिष्ट सिर्जनामार्फत वातावरणीय संकटमाथि विविध दृष्टिकोण प्रस्तुत गर्नेछन्।

प्रदर्शनीमा स्वालबार्डको हिम क्षेत्रमा खिचिएको हिमाली सिंह सोइनको कवितामूलक भिडियोले उपनिवेशवाद, जलवायु परिवर्तन र असफल उत्खननमाथि प्रश्न उठाउनेछ भने उर्सुला बिमान्नले कोलम्बियाको इन्गा समुदायसँगको सहकार्यमा बनाएको 'फरेस्ट माइन्ड' भिडियो निबन्धले जंगललाई चेतनशील ज्ञानको स्रोतका रूपमा व्यक्त गरेको छ।

यसैगरी उत्सा हजारिकाको 'यन्त्र-ब्लुम' जीवित मूर्तिकलाले दिल्लीको सम्राट यन्त्र स्यान्डायललाई चमेलीका फूलमार्फत नयाँ दिने प्रयास गरेको छ।

त्यस्तै मक्सुद अली मण्डलको 'फङ्गल ह्याबिट्याट'ले च्याउ, माटो र काठको संयोजनमा बन्ने आत्मविकासशील मूर्तिकला प्रस्तुत गर्छ भने नेपाली कलाकार समयुक्ता भण्डारीको 'एकोज अफ सर्भाइवल'ले शहरीकरणबीच हराउँदै गएका भँगेराको आवाजलाई प्रविधि र ध्वनि मार्फत प्रतिविम्वित गराउने जमर्को गरेको छ।

यस्तै अमित माछामासीले भक्तपुरको हराउँदै गएको कृषियोग्य भू-परिवर्तनलाई तीनवटा फोटोग्राफिक श्रृंखलामार्फत प्रस्तुत गरिरहेका छन्। प्रदर्शनीकी अर्की सहभागी मोनिका उर्सिना जेगरले 'लिक्विड टाइम'मार्फत पहाडको ढुंगाबाट बालुवा हुँदै कंक्रिट निर्माणसम्मको चक्रलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्छ भने जोआना मोलको '४००४' ले माइक्रोचिप निर्माण प्रक्रियाले कीराको जनसंख्यामा आइरहेको गिरावटलाई डिजिटल रूपमा देखाइएको छ।

क्रिस जोर्डनले समुद्री प्लास्टिक प्रदूषणका कारण मरेका अल्बाट्रस चराको बच्चाहरूको तस्बिर र चलचित्र प्रस्तुत गरिरहेका छन्।

सौर्गङ्गा दर्शनधारीको नेवार समुदायको योमरी चाडसँग सम्बन्धित मूर्तिकलाले खाद्य संस्कृति र पारिस्थितिक सन्तुलनसँग जोड्ने काम गर्छ भने रोबर्टिना शेबजानिकले द एटलान्टिक टेल्स् एण्ड को सोनिक मार्फत साउन्ड इन्स्टलेसन गर्दै वातावरणीय ह्रासको अदृश्य पक्ष प्रस्तुत गरेका छन्।

त्यसैगरी मोनिका उर्सिना जेगर, जोआना मोल, सौर्गङ्गा दर्शनधारीका सिर्जनाहरू विशेष प्रस्तुतिका रूपमा समावेश भएका छन्।

प्रदर्शनीले आर्कटिकदेखि एन्डिजसम्म, नेपालको खेतबारीदेखि डिजिटल क्लाउडसम्म फैलिएको संसारलाई एउटै कलात्मक फ्रेममा बाँधेर पेस गर्ने काम गरेको छ।

# 'पिताम्बर' टीमले मनायो ५१ दिन




■ प्रभाव संवाददाता

**काठमाडौं–** गत चैत २९ गतेबाट प्रदर्शनमा आएको फिल्म 'पिताम्बर' बिहिबार ५१ दिन मनाएको छ। यो फिल्मले रञ्जना सिनेप्लेक्स,विश्वज्योती,बिएसआर र बीग मुभिजमा ५१ दिन मनाएको हो। निर्माण पक्षले फिल्मको एकाउन्न दिन मनाउदै 'पिताम्बर २'को घोषणा समेत गरेको छ।

बिहिबार निर्माण पक्षले रञ्जना सिनेमा हलमा एक कार्यक्रमबीच फिल्मले ५१ दिन मनाएपछि कलाकार र प्राविधिकलाई सम्मान गरेको छ। पत्रकारहरूलाई समेत यो खुशीयालीमा सम्मानपनत्र दिदै सोही समारोहमार्फत दोस्रो श्रृंखला ल्याउने निर्माण पक्षले घोषणा गऱ्यो।

कार्यक्रममा निर्देशक कृषा चौलागाईं, निर्माता विशाल चौलागाईं, छायांकार तथा सह-निर्माता पुरुषोत्तम प्रधान, कलाकार सौगात मल्ल, अनुपविक्रम शाही,प्रमोद अग्रहरिका साथमा सञ्चारकर्मीको बाक्लो उपस्थिती रहेको थियो।

सोही क्रममा फिल्म निर्देशक चौलागाईंले सबैको साथ र सहयोगले आज पिताम्बले ५१ औं दिन पार गर्न सम्भव भएको बताउँदै सबैलाई धन्यवाद दिइनु। यो सफलतामा निकै उत्साहित रहेकी कृषाले अबको फिल्ममा कमीकमजोरीलाई सच्याउदै आगामी दिनमा झन राम्रो फिल्म दर्शकलाई दिने बताईन्। उनले भनिन्,'यो फिल्ममा भएका गल्ती अर्को फिल्ममा सुधार्दै अझै बुलन्द काम गर्नेछु।' केहि दिनअघि जापानमा समेत बेष्ट निर्देशकको अवार्ड यसै फिल्मबाट हात पारेकी कृषाको पहिलो निर्देशकिय फिल्म 'ऐचो पैचो'हो। जुन समिक्षात्मक रूपमा सफल देखिन्थ्यो।

यस फिल्ममा प्रदीप खड्का सौगात मल्ल,आर्यन सिग्देल, अनुपविक्रम शाही, दयाहाङ राई,सुरक्षा पन्त, गौरी मल्ल, रवीन्द्र झा, प्रमोद अग्रहरी, आर्यन सिग्देल,कामेश्वर चौरासिया,टिका पहाडी,सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त,सुपुष्पा भट्ट, दिव्या रायमाझी लगायतका कलाकारको पनि अभिनय छ।

## रंगशाला

**यु-१६ क्रिकेट प्रतियोगिता**

# लुम्बिनी अंक तालिकाको शीर्षमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** लुम्बिनी प्रदेशले यु-१६ क्रिकेट प्रतियोगिताको अंक तालिकामा शीर्ष स्थानमा उक्लिएको छ।

कालिन्चोक क्रिकेट मैदानमा शुक्रबार कर्णाली प्रदेशविरुद्ध ८ विकेटको सहज जित हासिल गर्दै तालिकामा फड्को मारेको हो। तीन खेलमा लुम्बिनीले ४ अंक पुऱ्याएको छ। पराजित कर्णालीको पनि ४ खेलबाट ४ अंक नै छ। तर, नेटरनरेटले लुम्बिनी अघि छ।

कर्णालीले दिएको ९३ रनको लक्ष्य लुम्बिनीले १४.५ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो। लुम्बिनीको जितमा आरिफ खानले अविजित रहँदै सर्वाधिक ३६ रन बनाए। उनले १९ बलमा ७ चौका प्रहार गरे।

केशव विष्टले अविजित २८ र कप्तान समीर अली मुलसमानले २७ रनको योगदान दिए। कर्णालीका कप्तान विपिनप्रसाद शर्मा र रोशन शाहीले समान १ विकेट लिए। त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले ३१.१ ओभरमा सबै विकेट गुमाउँदै ९२ रन बनाएको थियो।

कर्णालीका रोशन शाहीले सर्वाधिक ३३ रन बनाए। ५९ बल खेलेका उनले ६ चौका प्रहार गरे। कस्तुप खड्का १७ र विजयी शाही १३ रन आउट भए। लुम्बिनीका शुभम खनालले सर्वाधिक तीन लिए। १० ओभर बलिङ गरेका उनले ४ मेडनसहित ४९ रन खर्चिए। लक्ष्मण कुमाल, प्रिन्स पाल र चन्द्र थापाले समान २ विकेट आफ्नो नाममा लेखाए।

# महिला फुटबल टोलीका मुख्य प्रशिक्षकमा प्याट्रिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** बेल्जियमका प्याट्रिक डे विल्डे नेपाली राष्ट्रिय महिला फुटबल टोलीका मुख्य प्रशिक्षकमा नियुक्त भएका छन्।

अखिल नेपाल फुटबल संघ एन्फाका महासिचव किरण राई र विल्डेले बिहीबार सम्झौता पत्रमा हस्ताक्षर गरे। विल्डे नेपाली महिला राष्ट्रिय टोली सम्हाल्ने दोस्रो विदेशी प्रशिक्षक हुन्। यसअघि अस्ट्रेलियाका ग्यारी फिलिप्सले नेपालको प्रशिक्षण सम्हालेका थिए।



एन्फा प्रशिक्षक छनोट समितिले सर्टलिस्टमा रहेका दुई जनाबाट उनको नाम सिफारिस गरेको हो। विल्डेले पछिल्लो पटक नेपाल सुपर लिग (एनएसएल) मा काठमाडौं रेजर्सको प्रशिक्षण सम्हालेका थिए।

उनले सोमालिया र रुवान्डाको राष्ट्रिय टोली, चीनको यु-२३ टोली तथा अल्जेरिया र हंगेरीको सहायक प्रशिक्षकका रूपमा काम गरिसकेका छन्। नेपाल एएफसी एसिया कप छनोटको तयारीमा छ। छनोटको समूह 'एफ' मा नेपाल, लाओस, उज्वेकिस्तान र श्रीलंका छन्।

यो समूहको खेल उज्वेकिस्तानमा हुनेछ। नेपालले जुन २९ मा लाओससँग खेल्दै छनोटको सुरुआत गर्नेछ। यस्तै नेपालले जुलाई २ मा श्रीलंका र ५ मा घरेलु टोली उज्वेकिस्तानको सामना गर्नेछ। समूहको शीर्ष स्थानमा रहने टोलीले अस्ट्रेलियामा हुने एसिया कप खेल्न पाउनेछ।

# यु-१४ राष्ट्रिय विद्यालय खेलकुद आइतबारदेखि

■ प्रभाव संवाददाता




**काठमाडौं –** राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा हुने यु-१४ राष्ट्रिय विद्यालय खेलकुद प्रतियोगिता आइतबारदेखि हुने भएको छ।

विद्यालय तहका प्रतिभाशाली खेलाडीलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्ने उद्देश्यका साथ विद्यालय खेलकुद आयोजना गरिएको राखेपद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

राखेप सदस्य-सचिव टङ्कलाल घिसिङका अनुसार प्रतियोगितामा सात प्रदेशका ४७६ खेलाडीको सहभागिता रहनेछ। प्रतियोगितामा एथलेटिक्स, टेबलटेनिस, छात्र/छात्रा थ्री बाइ थ्री बास्केटबल, छात्र/छात्रा रग्बी सेभेन्स, ब्याडमिन्टन र २० ओभरको छात्र क्रिकेटको प्रतिस्पर्धा हुनेछ। एथलेटिक्समा छात्र/छात्रामा समान ६-६ तथा टेबलटेनिस र ब्याडमिन्टनमा छात्र/छात्रामा समान २-२ स्पर्धामा खेल हुनेछ।

नेपालय इन्टरनेसनल इभेन्ट म्यानेजमेन्ट प्रालिको सह-आयोजना तथा एक्सपर्ट एजुकेसन भिसा सर्भिसेसको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगितामा जम्मा २५ स्वर्ण, २५ रजत र ३३ कास्य गरी ८३ पदकका लागि प्रतिस्पर्धा हुनेछ।

एथलेटिक्स र रग्बी त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला, टेबलटेनिस लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र, बास्केटबल राखेप हाता, ब्याडमिन्टन बुढानीलकण्ठस्थित ब्याडमिन्टन एकेडेमी तथा क्रिकेट मूलपानी क्रिकेट मैदानमा खेलाइने छ।

क्रिकेट जेठ २५ देखि २९ गतेसम्म सञ्चालन हुनेछ। बाँकी ५ खेल जेठ २५ देखि २६ गतेसम्म चल्ने छ। सदस्य-सचिव घिसिङले खेलकुदको जग ग्रासरुट भन्ने धेरै सुनिए पनि व्यहारमा लागू नभएको हुँदा राखेपले जुनियर प्रतियोगिताको अवधारणालाई अघि सारेको बताए।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
जनकपुरधाम, धनुषा, नेपाल

**वोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

**प्रकाशित मितिः २०८२/०२/२४**

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामको मिति २०८२/०२/२२ गते को निर्णयानुसार तपसिलको ठेक्का नं. तपसिलको मितिमा सूचना प्रकाशन भएको वोलपत्रको मूल्यांकन समितिको सिफारिस अनुसार उक्त ठेक्काको आर्थिक प्रस्ताव निम्न बमोजिमको स्थान, मिति र समयमा खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | सूचना प्रकाशित मिति | वोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्तावबाट छनौट भएको बोलपत्रदाताहरूको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|---|
| 1. | २०८२/०१/१४ | IFB No. MP/ PHLMC/ NCB/GOODS-26/2081-82 | The Procurement and Supply of Free Essential Medicines. | 1. Lavmedical, jaleshwor<br>2. G.H. Medi Health Concern Pvt. Ltd | PHLMC Janakpurdham, dhanusha, Date 2082-02-31, 2:00 pm |

**Director**



हज यात्राको अन्तिम बिन्दु मानिने साउदी अरेबियाको सबैभन्दा अग्लो पर्वत अराफात (जसलाई जबल अल–रहमा अर्थात् दयाको पर्वत पनि भनिन्छ)को शिखरमा पुगेका मुस्लिम तीर्थयात्रीहरू प्रार्थना गर्दै । *तस्बिरः एएफपी*

# रेलवे उद्घाटन गर्न भारतीय प्रधानमन्त्री मोदी काश्मीरमा

**श्रीनगर (भारत)**– गत महिना कट्टर प्रतिद्वन्द्वी पाकिस्तानसँगको द्वन्द्वपछि विवादित हिमालय क्षेत्रको आफ्नो पहिलो भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार काश्मीर आइपुगेका छन् । मोदीले काश्मीरमा एउटा रणनीतिक रेलवेको उद्घाटन गरे ।

सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि भारत र पाकिस्तानबीचको कटु वैमनस्यको केन्द्र रहेको विभाजित मुस्लिम बहुल क्षेत्र काश्मीरका लागि मोदीले अर्बौं डलरका परियोजनाहरू सुरु गरिरहेका छन् । आणविक-सशस्त्र भारत र पाकिस्तानले गत महिना तीव्र चार दिने युद्ध लडेका थिए । यो युद्धमा मे १० मा युद्धविराममा सहमति हुनुअघि सन् १९९९ पछिको सबैभन्दा खराब अवरोध थियो ।

प्रधानमन्त्रीको कार्यालयले एक हजार तीन सय १५ मिटर लामो (चार हजार तीन सय १४ फिट लामो) स्टिल र कङ्क्रिटको चेनाब पुलको अवलोकन विन्दुमा मोदीको तस्बिर प्रसारण गरेको थियो । उक्त पुलले तल नदीभन्दा तीन सय ५९ मिटर माथि आर्क भएको दुई पहाडलाई जोड्दछ । 'वास्तुकलाको असाधारण उपलब्धि हुनुका साथै चेनाब रेल पुलले कनेक्टिभिटीमा सुधार गर्नेछ', मोदीले आफ्नो भ्रमणअघि सामाजिक सञ्जालमार्फत भनेका थिए ।

मोदी आफ्नो आगमनको लगत्तै रेल यातायातका लागि औपचारिक रूपमा खुला भएको घोषणा गर्न विशाल भारतीय झण्डा फहराउँदै पुल पार गरे । नयाँदिल्लीले चेनाब पुललाई 'संसारको सबैभन्दा अग्लो रेलवे आर्क पुल' भनेर सम्बोधन गर्ने गर्छ । धेरै सडक र पाइपलाइन पुलहरू अग्लो भए पनि गिनिज वर्ल्ड रेकर्डले गिनिज वर्ल्ड रेकर्डले चेनाबले चीनको अघिल्लो सबैभन्दा अग्लो रेलवे पुल, नजीहेलाई उछिन्ने पुष्टि गरेको छ ।

नयाँ दुई सय ७२ किलोमिटर (एक सय ६९ माइल) उधमपुर-श्रीनगर-बारामुल्ला रेलवे, ३६ सुरुङ र नौ सय ४३ पुलसहित 'क्षेत्रीय गतिशीलतालाई रूपान्तरण गर्ने र सामाजिक-आर्थिक एकीकरणलाई बढावा दिने उद्देश्यले' निर्माण गरिएको मोदीको कार्यालयले जनाएको छ । यस पुलले मानिस र सामानका साथै सेनाको आवागमनलाई सहज बनाउनेछ । यो पहिले दुर्गम पहाडी सडक र हवाई मार्गबाट मात्र सम्भव थियो ।

'रेलवेले सबै मौसममा सम्पर्क सुनिश्चित गर्दछ, आध्यात्मिक पर्यटनलाई बढावा दिनेछ र जीविकाका अवसरहरू सिर्जना गर्नेछ', मोदीले भने । रेलवे लाइनले हिन्दू बहुल जम्मू क्षेत्रको कटरा सहर र मुस्लिम बहुल काश्मीरको मुख्य सहर श्रीनगरबीचको यात्रा समयलाई आधाले घटाएर करिब तीन घन्टासम्म पुऱ्याउने अपेक्षा गरिएको छ । *रासस⁄एएफपी*

# जापानको चन्द्र अभियान फेरि असफल

**टोकियो–** शुक्रबार अन्तरिक्ष यानको अवतरण प्रयास विफल भएसँगै चन्द्रमामा पहिलो पटक 'सकुशल अवतरण' गर्ने जापानी निजी कम्पनी आइस्पेसको आशामा धक्का लागेको छ । टोकियोस्थित आइस्पेसले चन्द्रमाको सतहमा नियन्त्रित आगमन हासिल गर्ने तेस्रो निजी कम्पनी र संयुक्त राज्य अमेरिका बाहिरको पहिलो कम्पनीको रूपमा इतिहास रच्ने आशा गरेको थियो ।

तर 'हाल उपलब्ध तथ्याङ्कको आधारमा आइस्पेसको ल्यान्डरले सम्भवतः 'हार्ड ल्यान्डिङ' गरेको छ,' जापानी अन्तरिक्ष कार्यक्रम (स्टार्टअप)ले जनाएको छ । 'ल्यान्डरसँगको सम्पर्क पुनःस्थापित हुने सम्भावना कम छ', आइस्पेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'त्यसैले मिसनलाई रद्द गर्ने निर्णय गरिएको छ ।' जापानका लागि अघिल्लो चन्द्र अभियानमा मिलेको असफलताको ठीक दुई वर्षपछि यो असफलता हात लागेको हो । कम्पनीको मानवरहित लचिलो अन्तरिक्ष यानले आफ्नो कठिन अन्तिम अवतरण सुरु गरेको थियो । 'यसको मुख्य इन्जिनलाई सफलतापूर्वक प्रक्षेपण गरेको थियो,' आईस्पेसले शुक्रबार भनेको छ ।

मिसन कन्ट्रोलले ल्यान्डरको अवस्था 'लगभग ठाडो' भएको पुष्टि गरेको थियो तर त्यसपछि ल्यान्डरको मिसन कन्ट्रोलसँगको सम्पर्कविच्छेद भएको थियो । 'प्राविधिक समस्याका कारण ल्यान्डरले चन्द्रमामा अवतरणका लागि आवश्यक गति हासिल गर्न पर्याप्त गति लिन सकेन,' आइस्पेसले भनेको छ ।

सोभियत संघ, संयुक्त राज्य अमेरिका, चीन, भारत र हालै जापान गरी पाँच राष्ट्रले मात्र चन्द्रमामा सफ्ट ल्यान्डिङ गरेका छन् । अन्तरिक्षमा सस्तो र अधिक बारम्बार पहुँचको प्रतिज्ञा गर्दै हिजोआज निजी कम्पनीहरू यस दौडमा सामेल भइरहेका छन् ।

> सोभियत संघ, संयुक्त राज्य अमेरिका, चीन, भारत र हालै जापान गरी पाँच राष्ट्रले मात्र चन्द्रमामा सफ्ट ल्यान्डिङ गरेका छन् । अन्तरिक्षमा सस्तो र अधिक बारम्बार पहुँचको प्रतिज्ञा गर्दै हिजोआज निजी कम्पनीहरु यस दौडमा सामेल भइरहेका छन् ।

यात्रामा 'रेजिलिएन्स ल्यान्डर'मा लक्जमबर्गमा निर्मित माइक्रो रोवर, टेनासियस, हाइड्रोजन र अक्सिजनमा अणुहरू विभाजन गर्ने हाइड्रो इलेक्ट्रोलाइजर र खाद्य उत्पादन प्रयोग गर्ने यन्त्रका साथै अन्तरिक्षको जटिल विकिरण परीक्षण यन्त्रसहितका उपकरणहरू थिए । रोभरले स्वीडेनका कलाकार मिकेल गेनबर्गले डिजाइन गरेको सानो मोडलको घर 'मुनहाउस' पनि बोकेको थियो ।

'दोस्रो प्रयास असफल भएको तथ्यलाई म गम्भीरताका साथ लिन्छु', प्रमुख कार्यकारी अधिकृत ताकेशी हाकामादाले भने, 'तर सबैभन्दा महत्त्वपूर्ण कुरा यो परिणामलाई भविष्यको अभियानहरूका लागि पाठका रूपमा लिइनेछ ।' उनले अगाडि बढ्ने दृढ इच्छाशक्तिको वर्णन गर्दै थपे, 'हामीले के भयो सावधानीपूर्वक विश्लेषण गर्नुपर्दछ ।' गत वर्ष ह्युस्टनस्थित 'इन्ट्युटिभ मेसिन' चन्द्रमामा पुग्ने पहिलो निजी कम्पनी बनेको थियो ।

यद्यपि यसको मानवरहित ल्यान्डरले अनौठो कोणमा अवतरण गरेको थियो तर यसका बाबजुत परीक्षणहरू पूरा गर्न र फोटोहरू प्रसारण गर्न सफल भएको थियो । वासिङ्टनस्थित आइस्पेसको अमेरिकी शाखाले आयोजना गरेको वाच पार्टीसँगै शुक्रबारको प्रयासअघिको माहोल हर्षोल्लासपूर्ण थियो ।

सम्पर्क हराएपछि आइस्पेस प्रत्यक्ष प्रसारणका उद्घोषकहरूले एक सन्देशसहित हस्ताक्षर गरे जसमा भनिएको थियो, 'कहिल्यै चन्द्र खोज नछोड्नुहोस् ।' यस अभियानले चन्द्रमामा माटोका दुई वटा नमूना सङ्कलन गरेर नासालाई पाँच हजार अमेरिकी डलरमा बेच्ने लक्ष्य राखेको थियो ।

नमूनाहरू चन्द्रमामा रहने भएपनि प्रतीकात्मक लेनदेनको उद्देश्य खगोलीय पिण्डहरूमा व्यापारिक गतिविधिलाई अनुमति दिनु पर्दछ भन्ने अमेरिकी अडानलाई बलियो बनाउनको लागि हो । चन्द्रमामा अवतरण गर्नु अत्यन्त चुनौतीपूर्ण छ किनकि अन्तरिक्ष यानले चन्द्रमाको भू-भागमा आफ्नो अवतरणलाई ढिलो गर्न ठीक नियन्त्रित 'थ्रस्टर बर्निङ'मा भर पर्नुपर्छ ।

चन्द्रमाको दक्षिणी ध्रुवको नजिक रहेको मोन्स माउटन पठार भनिने स्थानमा अवतरण गर्न डिजाइन गरिएको अन्तरिक्षयान एथेनाले सौर्य ऊर्जाबाट चल्ने ब्याट्रीलाई रिचार्ज गर्न नसकेपछि चन्द्रमामा अवतरण गर्ने 'इन्ट्युटिभ मेशिन'को दोस्रो प्रयास मार्चको अन्त्यमा निराशामा समाप्त भएको थियो । *रासस⁄एएफपी*

# अमेरिकी कर नीतिका कारण जर्मनीले अझै दुई वर्ष मन्दीको सामना गर्नुपर्ने



**जर्मनी–** संयुक्त राज्य अमेरिकासँगको व्यापार युद्ध तीव्र गतिमा बढ्दै गएमा जर्मनीले अझै दुई वर्षको आर्थिक मन्दीको सामना गर्नुपर्ने जर्मनीको केन्द्रीय बैंकले शुक्रबार जनाएको छ । यदि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर जुलाईदेखि पूर्ण रूपमा लागू हुने हो र ईयूले प्रतिकार गर्ने हो भने जर्मनीको उत्पादन यस वर्ष ०.५ प्रतिशत र सन् २०२६ मा ०.२ प्रतिशतले घट्ने बुन्डेस बैङ्कले प्रक्षेपण गरेको छ ।

अमेरिकी करनीतिका कारण जर्मनीको निर्यातमा उल्लेखनीय गिरावट आएको र लगानीमा ठूलो अनिश्चितता रहेको बैङ्कले जनाएको छ । जर्मनीले सन् २०२७ मा एक प्रतिशतको पुनरुत्थानसहित आर्थिक वृद्धिको मार्ग समात्ने बैंकको अनुमान छ ।

रुसले युक्रेनमाथि आक्रमण गरेपछि उत्पादनमा आएको मन्दी र बढ्दो ऊर्जा मूल्यका कारण युरोक्षेत्रको परम्परागत वृद्धि यन्त्र विगत दुई वर्षदेखि सङ्कुचित भइसकेको छ, तर यस वर्षबाट सामान्य सुधारको आशा उच्च रहेका भएपनि यसलाई अमेरिकी कर नीतिले प्रभाव पार्ने देखिएको छ । ट्रम्पले अप्रिलको सुरुमा आफ्नो 'लिबरेसन डे' करको अनावरण गर्दै संयुक्त राज्य अमेरिकासँग व्यापार गर्ने सामानहरूमा भारी अधिशेषमा २० प्रतिशत करको साथ युरोपेली सङ्घलाई प्रहार गर्ने धम्की दिए । उनले सम्झौताको प्रयास गर्ने अनुमति दिँदै जुलाईसम्मका लागि ती उच्च दरहरू रोक्ने निर्णय गरेका छन् ।

हालै मात्र ट्रम्पले इयूलाई ५० प्रतिशत कर दर थोपर्ने बताएका थिए । यद्यपि उनले त्यो उपायमा पनि ढिलाइ गरेका छन् । इयू समूहले अझै पनि केही विशिष्ट क्षेत्रहरूमा उच्च करहरूबाहेक संयुक्त राज्य अमेरिकामा हुने यसको सबै निर्यातमा 'आधारभूत' अर्थात् १०-प्रतिशत कर दरको सामना गरिरहेको छ ।

सन् २०२४ मा संयुक्त राज्य अमेरिका जर्मनीको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएको र यसले ठूलो परिमाणमा कार, औषधि र मेसिनरी प्राप्त गरेको थियो । अमेरिकी व्यापार नीतिले जर्मनीमा मध्यम प्रभाव पार्ने परिकल्पना गरेको छ किनकि नयाँ चान्सलर फ्रेडरिक मर्जको पूर्वाधार र रक्षामा योजनाबद्ध खर्च वृद्धिले अर्थव्यवस्थालाई समर्थन गर्न मद्दत गर्दछ ।

यी पूर्वानुमानअनुसार सन् २०२६ मा ०.७ प्रतिशत र सन् २०२७ मा १.२ प्रतिशतले वृद्धि हुनुअघि यस वर्ष अर्थतन्त्र स्थिर रहनेछ । जर्मनीको सरकार र धेरै आर्थिक संस्थानहरूले ट्रम्पको व्यापार युद्धका कारण उत्पन्न अनिश्चितताको हवाला दिँदै यस वर्षको लागि आफ्नो वृद्धि पूर्वानुमानलाई शून्यमा झारेका छन् ।

युरोपेली केन्द्रीय बैंक (इसिबी) ले विश्वव्यापी अनिश्चितताको सामना गर्न 'राम्रो अवस्थामा' मा रहेको भन्दै बिहीबार आफ्नो ब्याजदरमा समायोजन गरेको छ । व्यापक रूपमा अपेक्षा गरिएअनुसार नै इसिबीले आफ्नो प्रमुख निक्षेप दरलाई लगातार सातौं पटक कटौती गर्दै ऋण लागत घटाउन थालेको यसअघिको दरमा एक चौथाई अर्थात् ०.२५ अंकले दर घटाएर दुई प्रतिशतमा झारेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर आक्रमणले मूल्यमा गिरावटको दबाव सिर्जना गरेपछि यसले मुद्रास्फीतिको पूर्वानुमानलाई पनि घटाएको छ । सूचकले अब यस वर्ष मुद्रास्फीतिलाई दुई प्रतिशतमा झार्ने केन्द्रीय बैंकको लक्ष्यलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । *रासस⁄एएफपी*


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा, आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ५४ को ५८०.८६ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-६, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/२/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ८१ को १७६०.२७ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**शहिद अर्जुन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-३, मकवानपुर**

## कुवेतमा रोजगार

कम्पनी : Quick Fuel Co. for Transporting liquids, liquids gas and Chemicals materials

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | LT. No. 325293 | चलानी नं. ६०२३९२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Drivers | 30 | 0 | 180 | ८०,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## युएइमा रोजगार

कम्पनी : REGENT PALACE HOTEL LLC.

पूर्व स्वीकृति मिति : २०८२/०२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२३ | LT. No. 305329 | चलानी नं. ६०२३८२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 28 | 0 | 1500 | ५६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cook | 16 | 0 | 2000 | ७४,६९५ | | | | | | | |
| 3 | Waiter | 42 | 0 | 1200 | ४४,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा रोजगार

कम्पनी : Al Thabit Factory Company for Metal Industries

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ | LT. No. 325257 | चलानी नं. ६०२३९२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ading and unloading worker/ helper | 1 | 0 | 1500 | ५४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

## कतारमा रोजगार

कम्पनी : NEW JERSEY WEDDING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 325238 | चलानी नं. ६०२३९२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guest Services Agent | 2 | 0 | 1500 | ५६,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Host for Reservation | 0 | 6 | 1000 | ३७,६७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३१ गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३७०० | प्रति तोला – ० | प्रति तोला – २१५० |



**हिउँ अवलोकन गर्दै पर्यटक** | **म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा रहेको पञ्चकुण्ड ताल परिसरमा वर्षौंदेखि जमेको हिउँ अवलोकन गर्दै पर्यटक ।** *तस्बिर: कमल खत्री/रासस*

# समयमा आयोजना सम्पन्न गर्न उद्योगमन्त्री भण्डारीको निर्देशन

■ प्रभाव संवाददाता

**बैतडी–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कार्यालय प्रमुखहरूलाई तोकिएको समयमा आयोजना सम्पन्न गर्न निर्देशन दिएका छन् । बैतडीको पाटनमा शुक्रबार जिल्लाका विभिन्न कार्यालय प्रमुखसँगको छलफलमा उहाँले राज्यबाट विनियोजित आयोजना कार्यान्वयनमा ढिलाइ भइरहेको भन्दै यथाशीघ्र कार्यान्वयनमा जोड दिन आग्रह गरे ।

आर्थिक वर्षको अन्त्यमा मात्र काम गर्ने प्रवृत्ति दोहोर्याउने काम भइरहेको भन्दै मन्त्री भण्डारीले आयोजना कार्यान्वयन र सम्पन्न निर्धारित समयभित्र गर्नुपर्नेमा जोड दिए । चालु आर्थिक वर्षको ११ महिनामा जिल्लाका कार्यालयहरूको समष्टिगत खर्च ५० प्रतिशतमात्र रहेको जनाउँदै



उनले कार्यान्वयन पक्ष फितलो भएको बताए ।

'आर्थिक वर्षको पहिलो महिना साउनमा बजेट सम्बन्धित निकाय र कार्यालयमा आइपुग्छ, कार्यान्वयन गर्न आठ-नौ किन लाग्छ?, आर्थिक वर्षको सुरुआतमा बजेट कार्यान्वयन गर्न के कुराले छेक्छ ?', मन्त्री भण्डारीले कार्यालय प्रमुखसँग प्रश्न गरे । जिल्लाका कार्यालयहरूले जनता केन्द्रित सेवा प्रवाह गर्दै सुशासन कायम गर्नुपर्नेमा उनले जोड दिए ।

विकासे कार्यालयहरूमा दायित्व सार्ने प्रवृत्तिले अपेक्षाअनुसार काम हुन नसकेको मन्त्री भण्डारीले औँल्याए । कतिपय विकासे कार्यालयमा विगतको दायित्व परिपूर्ति गर्ने कामले समस्या निम्ताएको उनले बताए । पुरानो भुक्तानी दिने विषयमा गुणस्तर र मापदण्ड अपनाएर मात्रै प्रक्रिया अघि बढाउनुपर्ने मन्त्री भण्डारीको भनाइ छ ।

यहाँका विकासे कार्यालयमा पुरानो भुक्तानी दिनुपर्नेको सूची तयार पार्न मन्त्री भण्डारीले प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिए । मनसुनजन्य विपद्का घटना नियन्त्रणका लागि प्रभावकारी पूर्वतयारीमा जुट्न उनले सरोकार भएका सबैलाई आग्रह गरे ।

विगतका वर्षहरूभन्दा यस वर्ष बढी वर्षा हुने प्रक्षेपण गरिएकाले विपद्का घटना पनि बढ्न सक्ने हुँदा सम्भावित जोखिम नियन्त्रणका लागि तयारीमा लाग्न मन्त्री भण्डारीले प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायलाई निर्देशन दिए । प्रमुख जिल्ला अधिकारी उपाध्यायले विपद् जोखिम नियन्त्रणका लागि आवश्यक पूर्वतयारी भइरहेको मन्त्री भण्डारीलाई जानकारी गराएका थिए ।

## कर्पोरेट

### स्वावलम्बनद्वारा वातावरण दिवसमा फलफूलका विरूवा वितरण



**काठमाडौं (प्रस)–** स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय कल्याणपुर, सप्तरीले विश्व वातावरण दिवसको अवसरमा विभिन्न फलफूलको विरुवाहरू वितरण गरेको छ ।

वित्तीय संस्थामा आवद्ध ग्राहक महिला सदस्यहरूलाई कृषिमा उद्यमी बनाउने अभिप्रायले खडक नगरपालिका वडा नं. ५ र ६ साथै शम्भुनाथ नगरपालिका वडा नं.७ र ८ का ९९ घरधूरीका महिला ग्राहक सदस्यहरू प्रत्येकलाई आँप, लिची र कागतीका विरुवाहरू वितरण गरिएको हो । फलफूलका विरुवाहरू वितरण कार्यक्रम शम्भूनाथ नगरपालिकाको वाड नं.८ स्थित आधारभूत विद्यालयमा आयोजना गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष इन्द्रकान्त चौधरीले समुदायमा यस प्रकारका विरुवाहरू वितरण गरी कृषि उद्यममा सघाउ पुर्‍याएकोमा स्वावलम्ब लघुवित्तलाई धन्यबाद दिए । त्यसैगरी विशिष्ठ अतिथि विद्यालयका प्रधानाध्यापक विजय कुमार चौधरीले महिलाहरूलाई फलफुलका विरुवा वितरणबाट गाउँमा फलफुल खेतीमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा शाखा प्रबन्धक अनिल कुमार साहले वित्तीय संस्थाले कर्जा तथा बचतको सेवाका अतिरिक्त समय समयमा ग्राहक सदस्यलाई विभिन्न उद्यममा टेवा पुग्ने गरी आर्थिक तथा गैर आर्थिक सहयोग तथा उद्यमशीलता प्रबर्द्धनका लागि कार्य गर्दै आएको बताए ।

### वातावरण दिवसमा ग्लोबल आइएमईको देशव्यापी वृक्षारोपण



**काठमाडौं (प्रस) –** ग्लोबल आइएमई बैंक लिमिटेडले विश्व वातावरण दिवसको अवसर पारेर देशका विभिन्न स्थानहरूमा वृहत् बृक्षारोपण कार्यक्रम गरेको छ । बैंकले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा मुलुकभर १८ हजार वृक्षारोपण गर्ने लक्ष्य राखेको थियो । बैंकले बिहीबार विश्व वातावरण दिवसको अवसरमा मुलुकका विभिन्न स्थानहरूमा बृक्षारोपण कार्यक्रम गरेको हो ।

यसै अवसरमा बैंकले सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला, लम्कीचुहाँ नगरपालिकाको बालचौरमा सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह र ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको समुपस्थितिमा १,००० कागतीका विरुवा रोपण गरेको हो ।

त्यस्तै बैंकले काठमाडौंको नारायणहिटी आर्मी ब्यारेकको परिसरमा बैंकका नायब प्रमुख कार्यकारी सुमन पोखरेलको उपस्थितिमा ३०० वटा विरुवा रोपण गरेको हो । बैंकले कोशी प्रदेशको दिक्तेल, प्रगती सामुदायिक बन, मेचीनगर, झापा लगायतका विभिन्न स्थानहरूमा ३,७०० वटा, मधेश प्रदेशको राजविराज, जीतपुर, लहान, गौढ, मिथिला नगरपालिका (भाटिघारी सामुदायिक बन) लगायतका विभिन्न स्थानमा ५,०५०, बागमती प्रदेशको नारायणहिटी आर्मी ब्यारेक, टोखा र रसुवा लगायतका विभिन्न स्थानहरूमा २,३००, गण्डकी प्रदेशको बागलुङ र कास्की लगायतका विभिन्न स्थानहरूमा २,१००, लुम्बिनी प्रदेशको बिजुवार, घोराही, गुलेरिया, लिवाङ्ग लगायतका विभिन्न स्थानमा १,५००, कर्णाली प्रदेशको विरेन्द्रनगर र रास्कोट लगायतका विभिन्न स्थानहरूमा ७०० र सुदुरपश्चिमको बालिया, गोकुलेश्वर, वैतडी, अत्तरिया, धनगढी, टिकापुर र महेन्द्रनगर लगायतका विभिन्न स्थानहरूमा २,०८६ विरुवा रोपण सुरु गरेको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

### क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको साधारण सभा सम्पन्न

**सुर्खेत (प्रस)–** क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाको कार्यालयमा शुक्रबार सम्पन्न साधारणसभामा प्रमुख कार्यकारी अधिकृत प्रतापमान श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै संस्थाको हालको प्रगति तथा भावी योजनाहरूको संक्षिप्त जानकारी दिएका थिए । त्यसपश्चात् सभामा संचालक समितिका अध्यक्ष ऋषिराज मोरले आफ्नो मन्तव्यसहित कम्पनीको दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सभाबाट विभिन्न महत्वपूर्ण प्रस्तावहरू सर्वसम्मत रूपमा पारित गरिएका छन् । संचालक समितिको प्रतिवेदनमाथि सभामा उपस्थित शेयरधनीहरूले सकारात्मक अभिव्यक्ति दिँदै प्रतिवेदनलाई सर्वसम्मत रूपमा पारित गरिएको छ । त्यसैगरी लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरूलाई छलफल पश्चात सर्वसम्मत रूपमा पारित गरिएको छ । आर्थिक वर्ष २०८१/०८२ का लागि बाह्य लेखापरिक्षक पनि नियुक्त गरेको छ । त्यस्तै सभाले समूह "ख" अन्तर्गत सर्वसाधारण



शेयरधनीहरूको तर्फबाट संचालकमा ईश्वरलाल श्रेष्ठ र सुनिता महर्जनलाई निर्विरोध निर्वाचित गरेको छ ।

### सानिमा बैंक र सफायर एस्थेटिक्सबीच सम्झौता

**काठमाडौं (प्रस)–** सानिमा बैंकले आफ्ना ग्राहकहरूलाई डिजिटल बैंकिङ्का माध्यमहरू प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न सफायर एस्थेटिक्स प्रा. लि., कुपोन्डोल, ललितपुरमा विशेष छुटको व्यवस्था गरेको छ । सानिमा बैंकका ग्राहकहरूले सानिमा भिसा




डेबिट/क्रेडिट कार्ड तथा सानिमा मोबाइल बैंकिङ्ग प्रयोग गरी डिजिटल भुक्तानी गर्दा सफायर एस्थेटिक्सका सेवाहरूमा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् । बैंकले यसैगरी ग्राहकहरूलाई विभिन्न छुट तथा अफरहरू प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ । छुटको विस्तृत विवरण बैंकको वेबसाईटमा उपलब्ध छ । सानिमा बैंकको देशको सातै प्रदेशमा १३४ वटा कार्यालयहरू तथा १२७ वटा ए.टि.एम. संजालहरू संचालनमा रहेका छन् ।

## काँकडभिट्टाबाट १६ अर्ब १९ करोडको पेट्रोलियम आयात

**भद्रपुर (प्रस)–** चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा पूर्वी नाका काँकडभिट्टाबाट रु १६ अर्ब १९ करोड १५ लाख मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । यहाँबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात भएका हुन् ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार गत आवको सोही अवधिको तुलनामा रु ९१ करोड ७७ लाख रकम अर्थात् पाँच दशमलव ४० प्रतिशतले पेट्रोलियम पदार्थ आयातमा गिरावट आएको छ । आयात घटे पनि पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व भने पाँच दशमलव ९० प्रतिशत अर्थात् रु ४३ करोड ७४ लाख ४७ हजारले बढेको उनले बताए ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको १० महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु सात अर्ब ८३ करोड ६२ लाख ४३ हजार राजस्व सङ्कलन भएको छ । उक्त अवधिमा रु सात अर्ब ३४ करोड ११ लाख मूल्य पर्ने ८४ हजार ३०० किलोलिटर पेट्रोल आयात भएको थियो । यसैगरी, रु पाँच अर्ब ५३ करोड ९६ लाख मूल्य पर्ने ५९ हजार ९७६ किलोलिटर डिजेल आयात भएको छ ।

## बन्दागोभीमा अत्यधिक मात्रामा विषादी

**कैलाली (प्रस)–** जिल्लको गोदावरी नगरपालिका-१ अत्तरियामा सञ्चालित तरकारी हाटबजारमा बिक्रीका ल्याइएका बन्दागोभीमा अत्यधिक मात्रामा विषादी फेला परेको छ । अत्तरियामा रहेको विषादी अवशेष द्रुत विश्लेषण एकाईमा गरिएको परीक्षणमा पाण्डेय फलफूल तथा सब्जी पसलमा बिक्रीका लागि राखिएका ६५ किलो बन्दामा विषादी भेटिएपछि नष्ट गरिएको छ ।

एकाइ कार्यालयका प्राविधिक राजेन्द्रप्रसाद भट्टले बन्दामा ९९ दशमलव ११ अर्गानोफस्फेट र एक दशमलव ६१ कार्बामेट विषादीको अंश फेला परेको जानकारी दिए । उनका अनुसार वैज्ञानिक मापदण्डअनुसार अर्गानोफस्फेटको तीन सय ५५ भन्दा कम मात्रा खान उपयुक्त मानिन्छ भने चार सय ५५ भन्दा बढी भएमा नष्ट गर्नुपर्ने हुन्छ ।

कृषि प्राविधिकका अनुसार अर्गानोफस्फेटको ३५ प्रतिशतभन्दा कम मात्रा भए उपभोग योग्य, ३५ देखि ४५ प्रतिशत भए केही दिन पर्खेर खान मिल्ने र ४५ प्रतिशतभन्दा माथि रोकावट प्रतिशत मानिने भएकाले नष्ट गर्नुपर्ने हुन्छ ।

उक्त बन्दागोभी उपभोगका लागि अयोग्य ठहरिएपछि गोदावरी नगरपालिकाका प्रवक्ता गोपालदत्त भट्टको रोहवरमा नष्ट गरिएको हो । प्रवक्ता भट्टले उपभोक्तालाई विषादीरहित तरकारी तथा फलफूल मात्र उपभोग गर्न र प्रमाणित सामान रोज्न आग्रह गरे ।

पछिल्लो समय बजारमा असामान्य रूपमा पाकेको देखिने आँप आइपुगेको भन्दै उपभोगमा सर्तकता अपनाउन सुझाव दिइएको छ । तरकारी तथा फलफूल हाटबजार समिति अध्यक्ष दिल्लीराज जोशीले बाहिरी क्षेत्रबाट आउने तरकारी र फलफूलमा निगरानी बढाइएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ